स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३) भिमाद मंसिर २२ गते, २०७६ साल (संख्या ६

भाग २

भिमाद नगरपालिकाको सूचना

# <u>नीजि जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदी उत्खनन्,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६</u>

नीजि जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदी उत्खनन्,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी कार्यविधि, २०७४ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम" नीजि जग्गा व्यवस्थापनमा ढुङ्गा, गिट्टी, वालुवा, माटो आदी उत्खनन्,संकलन तथा ढुवानी व्यवस्थित गर्ने सम्वन्धी (पहिलो संशोधन) कार्यविधि,२०७६" रहेको छ ।

(२)यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. दफा ५ को उपदफा (२) को खण्ड घ मा संशोधनः (१) कार्यविधिको दफा ५ को उपदफा (२) को खण्ड घ को कोष्ठभित्र रहेको "एक रोपनी" भन्ने वाक्यांशको सट्टा "पाँच रोपनी" भन्ने वाक्यांश कायम गरिएको छ,

३. दफा ६ को उपदफा (१) मा संशोधनः (१) कार्यविधिको दफा ६ को उपदफा (१) मा उल्लेख भएको "एक रोपनी" भन्ने वाक्यांशको सट्टा "पाँच रोपनी" भन्ने वाक्यांश र "५० घन मिटर" भन्ने वाक्यांशको सट्टा "१० हजार घन मिटर" भन्ने वाक्यांश कायम गरिएको छ,

४. दफा ६ को उपदफा (२) मा संशोधनः (१) दफा ६ को उपदफा (२) मा रहेको "नगर प्रमुख" भन्ने वाक्यांशको सट्टा "नगरकार्यपालिका"भन्ने वाक्यांश कायम गरिएको छ,

५. दफ ६ को उपदफा (४) मा संशोधनः (१) दफा ६ को उपदफा (४) मा रहेको "एक रोपनी" भन्ने वाक्यांशको सट्टा "पाँच रोपनी" भन्ने वाक्यांश कायम गरिएको छ,

६. दफा ७ को उपदफा (१) मा संशोधनः (१) दफा ७ को उपदफा (१) मा रहेको "नगर प्रमुख" भन्ने वाक्यांशहरुको सट्टा "नगरकार्यपालिका" भन्ने वाक्यांश कायम गरिएको छ,

७. दफा ७ को उपदफा (२) मा संशोधनः दफा ७ को उपदफा (२) मा रहेको "नगर प्रमुख"भन्ने वाक्यांशको सट्टा "नगरकार्यपालिका"भन्ने वाक्यांश कायम गरिएको छ,

८. दफा १४ मा संशोधनः दफा १४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) कायम गरिएको छः (१) यस कार्यविधिको बर्खिलाप गर्नेलाई अनुगमन टोलीले एकिन गरेको परिमाणमा गण्डकी प्रदेश सरकारले तोकेको न्यूनतम दस्तुरलाई आधारमानी विगो कायम गरिनेछ र प्रथम पटक भएमा बिगोको दोब्बर रकम प्रमुख प्रशासकीय अधिकृतले जरिवाना गर्न सक्नेछ । एक पटक भन्दा बढी दोहोरिएमा विगोको चार गुणा जरिवाना गरिनेछ ।

९. दफा १४ को उपदफा (१) पछि देहायको उपदफा (२) थप गरिएको छः (२) यसरी जरीवानाबाट प्राप्त रकमको १० प्रतिशत रकम मध्ये ४० प्रतिशत रकम पक्राउ गर्नेलाई, ३० प्रतिशत रकम अनुगमन टोलीमा संलग्नलाई र बाँकी ३० प्रतिशत रकम जरिवाना प्रक्रियामा संलग्न टोलीलाई नगरपालिकाको वार्षिक स्वीकृत बजेटको उपयुक्त शिर्षकबाट दामासाही हिसावले हुनेगरी उपलव्ध गराईनेछ ।

प्रमाणीकरण मितिः २०७६/०८/२२

आज्ञाले,
थमन सिंह थापा
प्रमुख प्रशासकीय अधिकृत